# ESM सम्बन्धी जानकारी पत्र

VICTORIAN BUILDING AUTHORITY

## सुरक्षाका अत्यावश्यक उपायहरू (ESM) भनेका के हुन् र ती किन महत्त्वपूर्ण छन्?

















### थप जानकारी

थप जानकारीका लागि VBA को वेबसाइट vba.vic.gov.au/cladding हेर्नुहोस् वा हामीलाई 1300 815 127 मा कल गर्नुहोस्

# सुरक्षाका अत्यावश्यक उपायहरू

VICTORIAN BUILDING AUTHORITY

सुरक्षाका अत्यावश्यक उपायहरू (ESM) भनेका कुनै भवनमा आगलागी भएको अवस्थामा त्यहाँ रहेका व्यक्तिहरूलाई सुरक्षित राख्न आवश्यक पर्ने सुरक्षासम्बन्धी विशेषताहरू हुन्।

ESM अन्तर्गत आगलागी पहिचान र अलार्म प्रणाली, अग्निप्रतिरोधी ढोका, आपत्कालीन बत्ती र अग्नि नियन्त्रक वस्तुहरू पर्छन्।

भवनको ESM को व्यवस्थापन गर्ने जिम्मेवारी उक्त भवनको स्वामित्व भएका संस्थानहरू (Owners Corporations) को हुन्छ। कुनै आगलागीको घटना भएका खण्डमा राम्ररी व्यवस्थापन गरिएका ESM ले भवनमा रहेका व्यक्तिहरूलाई बाहिर निस्कन थप समय दिनुका साथै आगलागी फैलने सम्भावना कम पार्छ। ESM लाई नियमित रूपमा व्यवस्थापन तथा मर्मतसम्भार गरिराख्नु पर्ने हुन्छ।

## ESM को मर्मतसम्भार

भवनबाट बाहिरिने ढोका र हिँड्ने बाटो पहुँचयोग्य र तयार अवस्थामा राख्नुका साथै त्यहाँ कुनै पनि किसिमको अवरोध नभएको कुरा सुनिश्चित गर्ने जिम्मेवारी भवनमा रहेका सबै व्यक्तिहरूको हुन्छ।

ESM को नियमित जाँच र मर्मतसम्भार गरेको सुनिश्चित गर्ने दायित्व तपाईंको भवनको स्वामित्व भएका संस्थानहरूका मालिकहरूको तर्फबाट उक्त संस्थानका व्यवस्थापक (Owners Corporation Manager) को हुन्छ। मर्मतसम्भार गर्ने कार्य भवनको ESM सम्बन्धी राम्रो ज्ञान भएको व्यावसायिक टोलीले गर्नु पर्छ।

## तपाईंले थाहा पाउनु पर्ने कुराहरू:

- वारुण यन्त्र विभागका प्रमुख अधिकारी वा तपाईंको नगरपालिकाका भवनसम्बन्धी सर्वेक्षक (Municipal Building Surveyor (MBS) ले २४ घन्टे सूचना दिएपछि निरीक्षणका लागि ESM को वार्षिक प्रतिवेदन उपलब्ध गराइनु पर्छ।
- कुनै विद्यमान भवन परिमार्जन गर्ने प्रस्ताव गरिँदा त्यसले ESM मा प्रभाव पार्न सक्छ, त्यसैले भवन ऐन 1993 (Building Act 1993) र भवनसम्बन्धी विनियम 2018 (Building Regulations 2018) अनुकूल हुनका लागि के गर्न आवश्यक छ भन्ने बारेमा MBS वा भवनसम्बन्धी निजी सर्वेक्षकसँग बुझ्नु राम्रो हुन्छ।

## भवन मालिकले नियमको पालना नगरेमा के हुन्छ?

नियमको पालना नगरेमा भवनमा रहेका व्यक्तिहरूको जीवन जोखिममा पार्ने मात्र होइन वरपर हिँड्ने व्यक्ति र जोडिएका भवनलाई पनि जोखिममा पार्छ भन्ने कुरा याद राख्नु महत्त्वपूर्ण छ।

लगबुक भरिएको हुनु पर्छ र यसो नगरिएका खण्डमा जरिवाना लाग्छ।

नियमको पालना नगरेमा तपाईंको काउन्सिल वा वारुण यन्त्र विभागले उल्लङ्घनसम्बन्धी सूचना जारी गर्ने छ। जरिवाना रकम व्यक्तिका हकमा $290 देखि $17,000 भन्दामाथि र कम्पनीका हकमा $88,000 भन्दामाथि हुन सक्छ।

## थप जानकारी

तपाईंसँग ESM को व्यवस्थापनका सम्बन्धमा कुनै प्रश्न भएका खण्डमा कृपया आफ्नो स्थानीय वारुण यन्त्र कार्यालयको अग्नि सुरक्षा विभाग वा स्थानीय MBS मा सम्पर्क राख्नुहोला।

VICTORIA State Government

# सुरक्षाका अत्यावश्यक उपायहरू

VICTORIAN BUILDING AUTHORITY

## ESM ले आगलागी जस्ता आपत्कालीन अवस्थामा सुरक्षा कवचको काम गर्छ।



ESM अन्तर्गत भवनमा रहेका व्यक्तिको सुरक्षाका लागि स्थापना गरिएको अग्नि सुरक्षा प्रणाली पर्छ




यसअन्तर्गत बाहिरिने ढोका, आपत्कालीन प्रकाश प्रणाली, बाहिर निस्कने ठाउँ जनाउने चिन्ह र अग्नि नियन्त्रक वस्तुहरू पनि पर्छन्



पर्याप्त मर्मतसम्भार गरेका खण्डमा कुनै आपत्कालीन स्थिति आइपर्दा ESM ले विश्वसनीय रूपमा काम गर्ने कुरा सुनिश्चित गर्छ



भवनको स्वामित्व भएका संस्थानहरूका मालिकहरूको तर्फबाट उक्त संस्थानका व्यवस्थापक ले ESM अद्यावधिक राख्ने र त्यसको नियमित जाँच गरेको कुरा सुनिश्चित गर्नु पर्छ



नियमको पालना नगरेमा भवनमा रहेका व्यक्तिहरू, वरपर हिँड्ने व्यक्ति र जोडिएका भवनलाई जोखिममा पार्छ




नियमको पालना नगरेमा जरिवाना लाग्न सक्छ

भवनबाट बाहिरिने ढोका र हिँड्ने बाटो पहुँचयोग्य र तयार अवस्थामा राख्नुका साथै त्यहाँ कुनै पनि किसिमको अवरोध नभएको कुरा सुनिश्चित गर्ने जिम्मेवारी भवनमा रहेका सबै व्यक्तिहरूको हुन्छ।

### थप जानकारीका लागि

हेर्नुहोस्: vba.vic.gov.au/cladding

कल गर्नुहोस्: 1300 815 127

VICTORIA State Government

# प्रज्वलनशील आवरण (combustible cladding) को वरपर सुरक्षित रहनुहोस्

VICTORIAN BUILDING AUTHORITY

तपाईं बसोबास गर्ने व्यक्ति, मालिक वा भवनको व्यवस्थापन जोसुकै हुनुभए तापनि अग्निसम्बन्धी सुरक्षाको सवालमा सबैजनाको उत्तिकै भूमिका हुन्छ।

भवनको बाहिरी भागमा प्रज्वलनशील आवरण छ भन्दैमा तपाईंको भवन असुरक्षित छ भन्ने हुँदैन। यद्यपि, आगलागी सुरु भएपछि भने प्रज्वलनशील आवरणले आगो फैलिन योगदान गर्न सक्छ। यसले भवनमा रहेका मान्छेहरू मात्र होइन वरपर हिँडिरहेका व्यक्ति र सँगै जोडिएको भवनमा पनि प्रभाव पार्न सक्छ।

आगलागीको जोखिम न्यूनीकरण गर्न र तपाईं, तपाईंका छिमेकी र तपाईंको परिवारलाई सुरक्षित राख्न तपाईंले पालना गर्नु पर्ने केही सरल कदमहरू यस प्रकार छन्।

## पूर्वयोजना बनाउनुहोस्



**धुँवाका अलार्महरूको जाँच गर्नुहोस्**
तिनीहरू छोपिएका वा विच्छेद भएका छैनन् भन्ने कुरा सुनिश्चित गर्नुहोस्



**अग्निप्रतिरोधी ढोकाहरूको जाँच गर्नुहोस्**
तिनीहरू सँधै अवरोधरहित, बन्द र ताला नलगाइएको अवस्थामा भएको कुरा सुनिश्चित गर्नुहोस्



**अस्तव्यस्त कुराहरू खाली गर्नुहोस्**
बरन्डा, हलवे र बाहिरिने बाटोहरू खाली भएको र त्यहाँ अस्तव्यस्त सामानहरू नभएको कुरा सुनिश्चित गर्नुहोस्



**आगलागीबाट बच्ने योजना थाहा पाउनुहोस्**
आफू बस्ने भवनको आपत्कालीन अवस्थामा बाहिरिने योजनाका बारेमा जानकार रहनुहोस्

## आफ्नो बरन्डा सुरक्षित बनाएर आगो फैलने जोखिम कम गर्नुहोस्



**आफ्नो बिबिक्यू टाढा राख्नुहोस्**
आफ्नो बिबिक्यू भित्ता, कपडा र अन्य सामग्रीभन्दा कम्तीमा 50 से.मि. टाढा भएको सुनिश्चित गर्नुहोस्



**आफ्नो चुरोट पूर्ण रूपमा निभाउनुहोस्**
गहुङ्गो र अग्लो किनारा भएको (काँच, सेरामिक वा धातुले बनेको) एस्ट्रे प्रयोग गर्नुहोस्



**एयर कन्डिसन (AC) युनिट टाढा राख्नुहोस्**
कपडा र अन्य सामग्रीभन्दा कम्तीमा 1 मिटर टाढा भएको सुनिश्चित गर्नुहोस्



**ग्याँसका बोतलहरू टाढा राख्नुहोस्**
ग्याँसका बोतलहरू बाहिर, माथिल्लो भाग माथि पर्ने गरी र तापका स्रोतहरूभन्दा टाढा भण्डारण गरिएको कुरा भएको सुनिश्चित गर्नुहोस्

**यीमध्ये धेरैजसो कदमहरू सरल अनि स्पष्ट छन्, व्यावहारिक छन् र यी कदमले सबैलाई सुरक्षित राख्न मद्दत गर्छन्।**

### तपाईंको अपार्टमेन्टमा आगलागी भएका खण्डमा तपाईंले उक्त भवनमा बस्ने सबैलाई सूचित गर्नुका साथै सुरक्षाका निम्न उपायहरूको पालना गर्नु पर्छ।

- भवनबाट सुरक्षित रूपमा बाहिरिनुहोस् र तीनवटा शून्य (000) नम्बरमा फोन गर्नुहोस्। अपरेटरलाई आपत्कालीन अवस्थाका बारेमा जानकारी दिँदै आफू रहेको स्थान र आफूलाई मद्दत चाहिएको कुरा बताउनुहोस्।
- भवनबाट बाहिरिएपछि उद्वार बिन्दुमा बस्नुहोस् र बारुण यन्त्र टोली आउन्जेल प्रतीक्षा गर्नुहोस्।
- तपाईंलाई आगलागीको अवस्था आफू अग्नि नियन्त्रक वस्तु प्रयोग गर्न समर्थ भएको जस्तो लाग्छ भने उक्त वस्तु राखिएको ठाउँ र त्यसको प्रयोग गर्ने तरिका जान्नुहोस्।

vba.vic.gov.au/cladding

VICTORIA State Government